# प्रदेश सभा
## प्रदेश नं ४
## प्रथम अधिवेशन
## (पैतिसौं बैठक)
## मिति : २०७५/१/२३ गते, दिनको ४:०० बजे

**माननीय सभामुख**

माननीय सदस्यहरु, आजको बैठकको कारबाही प्रारम्भ हुन्छ ।

अब म, माननीय आर्थिक मामिला तथा योजनामन्त्री श्री किरण गुरुङलाई मिति २०७५ वैशाख २० गते सभामा प्रस्तुत गर्नुभएको प्रदेश विनियोजन विधेयक, २०७५ माथि विचार गरियोस् भन्ने प्रस्ताव पेश गर्न अनुमति दिन्छु ।

**माननीय किरण गुरुङ**

माननीय सभामुख महोदय,
नेपालको संविधानको धारा २०८ तथा प्रदेश नं ४,प्रदेश सभा नियमावली, २०७४ को नियम १३३ को उपनियम (५) बमोजिम मिति २०७५ वैशाख २० गते सभामा प्रस्तुत विनियोजन विधेयक माथि उक्त नियमावलीको नियम १३३ को उपनियम (६) वमोजिम विचार गरियोस् भनी सभा समक्ष यो प्रस्ताव प्रस्तुत गर्दछु । धन्यवाद

**माननीय सभामुख**

अव, माननीय आर्थिक मामिला तथा योजनामन्त्री श्री किरण गुरुङले मिति २०७५ वैशाख २० गते सभामा प्रस्तुत गर्नुभएको प्रदेश विनियोजन विधेयक, २०७५ माथि विचार गरियोस् भन्ने प्रस्ताव माथिको छलफल प्रारम्भ हुन्छ । माननीय सदस्यहरु, यस छलफलमा विधेयकको विभिन्न शीर्षकहरुको कममा क्रम अनुसार छलफल हुने व्यहोरा अनुरोध गर्दछु ।

सर्वप्रथम माननीय कृष्ण चन्द्र नेपालीलाई छलफलमा भाग लिन समय दिन्छु ।

**माननीय कृष्ण चन्द्र नेपाली**

सभामुख महोदय , सम्मानित सभामा म आज एउटा विशेष परिस्थिति भनौ को रुपमा म आज उपस्थित भएको छु । माननीय आर्थिक तथा योजना मन्त्रीज्यूले प्रस्तुत गर्नुभएको

विनियोजन शीर्षक अर्थात् रातो किताव आइसकेपछि हामीले त्यसमा अध्ययन गर्दै गर्दा धेरै बुँदाहरुमा हाम्रो असहमति रह्यो र हामीले मलाई लाग्छ यो प्रदेश सभामा पहिलो पटक हामीले अवरोध गर्न हामी बाध्य भयौ र सदन अवरुद्ध भयो । माननीय सभामुख महोदय संसदीय परम्परामा प्रतिपक्षले मुद्धाका आधारमा इस्युका आधारमा प्रतिरोध गर्ने प्रतिरक्षा गर्ने ती स्वभाविक प्रकृया हुन् । त्यस अर्न्तगत सदन अवरुद्ध भयो । तर सभामुख महोदय त्यस पछि सत्ता पक्षबाट जुन तदारुकताका साथ सदनको अवरोध हटाउनका लागि पहल हुनुपर्थ्यो हाम्रो विचारमा त्यो अलि कमी भयो कि भन्ने हामीलाई लाग्यो । र तैपनि एउटा जिम्मेवार प्रतिपक्षको हैसियतले हामीहरुले सरकारका प्रतिनिधिहरुसँग हामीले वार्ता गर्‍यौ यद्यपि प्रतिपक्षको दल वा अन्य दलहरुलाइृ बोलाएर औपचारिक रुपले छलफल हुनुपथ्र्यो भन्ने हाम्रो मान्यता हो तैपनि हामी चाहन्छौ ती उठेका विषयवस्तुलाई समाधान होस् यस अर्थमा हामीले कानून मन्त्रीजी सँग सम्पर्क गर्‍यौ त्यो भन्दा पहिले मैले सम्मानित सभामा राख्नैपर्छ माननीय मुख्यमन्त्री जीले फोनबाटै भएपनि त्यो समस्याको समाधान निकाल्नपर्छ भनेर उहाँले अनुरोध गर्नुभएको थियो । । त्यहाँ मन्त्रीज्यूलाई राखेर हामीले केही कुरा गर्‍यौ र अन्त्यमा यो सदनलाई अगाडि बढाउने सन्दर्भमा हामीले केही बुँदागत कुराहरु हामीले उहाँलाई दियौ र उहाँले हामीलाई भन्नुभए अनुरुप त्यो के थियो भने यी कुराहरु लगेर म सम्बन्धित मन्त्रीजीलाई या मुख्यमन्त्रीलाई राख्छु भन्नुभो त्यही अनुरुप हामी प्रतिक्षरत रह्यौ । त्यो विचमा म जान चाहन्न सरकार पक्षले आफ्नो किसिमबाट एउटा मिडियाहरुमा जाने काम भएको छ । प्रतिपक्षहरु पनि त्यो स्वभाविक हो तर पनि त्यो सम्मानित सदनबाट निकास निकाल्ने सन्दर्भमा एउटा जिम्मेवार प्रतिपक्षको हैसियतबाट हामीले पहल गर्‍यौँ र यो कुरालाई मुख्यमन्त्रीजीले आफै सभामुखज्यूको रोहबरमा हामी प्रतिपक्षसँग वार्ता गर्नुभो शायद व्यस्तता हो कि के हो मलाई थाहा छैन सरकारको सम्बन्धित मन्त्रीजीसँग हामीले राख्ने मौका चाहि पाएनौ र पनि हामीले एउटा समझदार भएर अगाडि बढौ भनेर निश्चित बुँदाहरु प्रस्तुत गर्‍यौ । त्यो बुँदालाई सम्बोधित हुने विश्वासका साथ हामी अगाडि बढेका छौ । सभामुख महोदय मैले एउटा अनुरोध गर्न चाहन्छु कि यो प्रदेश सभाको संवृद्धिको लागि विकासको लागि आज हामी सब एक भएर जाने अवस्थामा सत्ता पक्षले पनि आफूलाई जहिले पनि के भने प्रतिपक्षहरुको आवाज सुनेर अर्को शब्दमा भन्नुपर्दा सरकार एक प्रकारको ग्राजेन पनि हो तयो जिम्मेवारीलाई बहन गरेर अगाडि बढ्नुपर्छ भन्ने मलाई लाग्दछ यसै सन्दर्भमा हामी जुन जुन बुँदामा असहमत राखेका छौ ती बुँदाहरु म राख्न चाहन्छु । र मलाई पूर्ण विश्वास छ हाम्रा खास गरिकन सरकार तर्फ प्रमुख तर्फ र सम्बन्धित मन्त्रीलाई पनि म अनुरोध गर्न चाहन्छु हामीले जिम्मेवारी तरिकाले जुन हाम्रा कुराहरु राखेका छौ निश्तिचत रुपमा उहाँले

सम्बोधन गरेर मिलाएर लानुहुनेछ भन्ने मलाई पूर्ण विश्वास छ । यति भन्दै म बुँदागत रुपमा यहाँ राख्न चाहन्छु ।

१. प्रदेश सभामा सचिवालय लगायतको प्लाजा लगायतको निर्माणको लागि लागि ६ करोड विनियोजन गरिसकेपछि १ करोड ६२ लाख अस्थायी भवनको लागि खर्च आवश्यक देखिदैन । हाम्रो के मान्यता रह्यो भने जव हामी प्लाजा बनाउँदै छौँ । ६/७ करोड जति लाग्छ यहाँ फेरि अस्थायी रुपमा आवश्यक छैन भन्ने हाम्रो ठहर रह्यो । त्यस्तै २०७५/ ०७६ को वजेट तर्जुमा गर्न रु २५ लाख विनियोजन किन ? २०७५/ ०७६ को वजेट तर्जुमा गर्ने भनेको अब १ महिना भित्र बजेट तर्जुमा हुन्छ त्यहाँनेर त्यो रकम त्यति बैज्ञानिक देखिएन भन्ने हाम्रो मान्यता रह्यो र त्यस्तै साहसिक खेलको अध्ययनको लागि मात्र रु २० लाख किन ? र जोलिजकल पार्कको लागि डिपिआर गर्न रु ५० लाख भनेकोमा पोखराको पचभैयामा रहेको पोखरा अन्तराष्ट्रिय चिडियाखानालाई भनेर तोकिदिनुपर्छ किनभने त्यो शीर्षकमा पोखरा भ्यालीभित्रै त्यो रकम राख्ने भनिसकेपछि त्यो पचभैयालाई नै घोषणा गरियोस् भन्ने हाम्रो यहा माग छ । निति कानून कार्यविधि बनाउन मात्र रु २ करोड ६२ लाख विनियोजन गरिएको छ । अत्यधिक रकम भयो , यसको पुष्टाई गर्न सकिएन । यत्रो रकम लाग्दैन भन्ने हाम्रो मान्यता हो । र सम्भाव्यता अध्ययन भनेर त्यसको स्पष्ट कार्यविधिको अभाव छ । स्पष्ट कार्यविधि विना सम्भाव्यता अध्ययन शंकाको घेरामा रहने कुरालाई हेरिनुपर्छ पर्छ भन्ने हाम्रो मान्यता हो । यस आर्थिक वर्षमा खर्च हुन नसक्ने जति पनि योजनाहरु छन् त्यहाँ धेरै त्यसलाई हामीले देख्यौ त्यसलाई एउटा कोषमा राखियोस् राखिसकेपछि रकम फ्रिज पनि नहुने र त्यो कोषबाट पछि खर्च पनि गर्न सकिने हुनाले त्यो कोषमा राखियोस् । र कतिपय यस्ता योजनाहरु छन् कागज मात्र मिलाएरमात्र बजेट खर्च गर्न सकिने कार्यक्रमहरु दुरुपयोग हुँदैन भन्ने स्पष्ट ग्यारेन्टी पनि हुन पऱ्यो । योजनाको कार्यविधि बनाउँदा प्रदेश सभामा प्रतिनिधित्व गर्ने दलहरुको सहमतिमा बनाउने निश्चित रहोस् । सबभन्दा मुल कुरो के हो भने कार्य विधि बनाउँदै गर्दा यहाँ खेरि यहाँ दलमा प्रतिनिधित्व हुने सबै दलको प्रतिनिधि सहितको कार्यविधि बनोस् ताकि सरकारको इन्टेसन राम्रो हुँदा हुँदै पनि कार्यान्वनमा गएर नहुन सक्छ । यस अर्थमा सबै एउटा दलको प्रतिनिधित्व हुने कार्यविधि बनोस् र त्यस्तै महिला र दलित र अल्पसंख्यकको विषयमा त्यहाँ बडो उल्लेख गरिएको छ तर जुन रुपमा जुन Volume हरु जसरी रकमहरु छुट्याउन पर्ने थियो त्यो नदेखिएको हुनाले यी हाम्रा ९ वटा मागहरु भनाइहरु राखेका छौ । र म अन्त्यमा लामो नगरिकन म के भन्न चाहन्छु भने हामी सदनलाई अगाडि लैजाने

पक्षमा छौ । हामी सुचारु रुपमा चलोस् भन्ने प्रतिक्षामा छौ । त्यसैको लागि हामी आफैले पनि पहल गरेको हो । यो अभ्यासको क्रममा कतिपय कुराहरु सिक्नु पनि छ यी कुराहरु हृदयगम गरेर सरकार प्रमुख , सम्बन्धित मन्त्रीजी सबैलाई मेरो अनुरोध के छ भने यो सरकारको बेटरमेन्टको लागि यो प्रदेशको हितको लागि विकासको लागि हामी जुन एउटा विधिपूर्वक जावोस् भन्ने जुन सदासयता छ त्यसलाई त्यही रुपमा हेरियोस् र ती हाम्रा कुरालाई सम्बोधन गरियोस् यिनै कुराहरु राख्दै म विदा हुन चाहन्छु धन्यबाद जयनेपाल ।

## माननीय सभामुखज्यू

अब, माननीय आर्थिक मामिला तथा योजनामन्त्री श्री किरण गुरुङलाई छलफलमा उठेका प्रश्नहरुको जवाफ दिन अनुमति दिन्छु ।

## माननीय किरण गुरुङज्यू

माननीय सभामुख महोदय ,अब म धेरै भन्न चाहन्न तर एउटा कुरा मैले केही यस सम्मानित सभामा मैले भन्नैपर्छ । संसदीय अभ्यासको सम्बन्धमा हामी गम्भीर हुनै पर्छ । संसदीय अभ्यास भनेको हो यो हो हामीले बुझ्न जरुरी छ । अभ्यास गर्न जरुरी छ । र हामीले के गर्दै आइरहेका छौ के गर्न गइरहेका छौ भन्ने बारेमा हामी गम्भीर नहुने हो भने मलाई लाग्छ हाम्रो मन सफा हुँदा हुदै पनि राम्रो सोच्दा सोच्दै पनि हामी फेरि कही दुर्धटनामा पर्छौ कि भन्ने मलाई लागेको छ । मलाई लागेको थियो विनियोजन विधेयक माथि हामी छलफल गर्नकै निम्ति हिजो अस्ति हामी यो सदनको बैठक डाकिएको थियो । र त्यसमा सबै माननीय सदस्यहरुले बोल्ने पाउने व्यवस्था पनि गरिएको थियो । प्रतिपक्ष मात्रै होइन सत्ता पक्षहरुले पनि आफ्ना कुराकानी राख्ने अवसर त्यस बेला थियो । उहाँहरुले सबै अब उठ्नुभयो । १ जना माननीय सदस्यले कुरा राख्नुभयो र संसद त्यसबेला अवरुद्ध भयो । मलाई लाग्छ त्यसबेला सबै माननीय सदस्यले बोल्न पाउने अधिकार खोसियो । के संसदीय अभ्यासमा यस्तै हुन्छ । त्यसबेला कसैलाई बोल्न नदिने भनिएको थिएन । जसरी उहाँहरु उठ्नुभयो जसरी कुरा राख्नुभयो । त्यो कुरा यहाँ राख्न पाइदैन भनिएको थिएन । तिनै कुरा राख्न यही रोष्टममा आएर सम्मानित ढंगले तपाईहरुलाई लागेका कुराहरु चाहि त्यस बेला थियो । सत्ता पक्षले पाइँदैन राख्न त्यसबेला भनिएको थिएन । कि सत्ता पक्षले पाइदैन भनेको भए तपाईहरुले अवरोध गर्न । ती कुराहरु राख्नका लागि भनेर त्यसरी गर्न सुहाने थिएन । त्यो छुट थियो । त्यसैका निम्ति विनियोजन विधेयक माथि छलफल गर्नका निम्ति भनेर नै त्यो बैठकको आयोजना भएको थियो । तपाईहरुलाई जे लाग्छ तपाईहरुले जे अध्ययन गर्नुभो, बुझ्नुभो

वा बुझ्नुभएन सरकारले ल्याएका कुराहरु ती कुराहरु तपाईहरु सबैले राख्न पाउनुहुन्थ्यो तर म अझै पनि दुःख मलाई  लागेको छ त्यो अधिकार खोसिएको छ । यो सम्मानित सभा हो । सबै कुराहरु यो सम्मानित सभा समक्ष हामीले राख्ने हिम्मत हुर्नुपर्छ । कही बन्द कोठामा बसेर होइन । कुनै बन्द कोठामा कुनै सहमति र समझदारीको नाममा होइन खुला ढंगले हामी खुलस्त छौ । कुनै झुक्याउने कुरा गरिएको छैन ।  हामीले यहाँ सम्मानित यो सम्मानित सभालाई हामीले सम्मानित बनाउने जिम्मा हाम्रो हो । अझ यो सम्मानित सभा सदन भनेको त प्रतिपक्षको हो । प्रतिपक्षले नै यो सभाको मर्यादालाई उँचो बनाउनुपर्छ । सत्ता पक्षको त सरकार छ यो सम्मानित सदनलाई यो सभालाई मर्यादित बनाउने सबै माननीय ज्यूहरुको अधिकार बोल्ने अधिकारदेखि लिएर आफ्नो भन्ने अधिकार राख्न पाउने थलो हो यो । तर त्यसबेला त्यो मलाई लाग्छ सम्मानित सदनमा  हाम्रा सबै माननीय ज्यूहरुले त्यो पाउनुभएन । त्यसैले अब म यसबाट शिक्षा लिन पर्छ भन्ने म अनुरोध मात्र गर्न चाहन्छु । ठीक छ हामीलाई त्यो अधिकार छ प्रतिपक्षलाई अधिकार छ अबरोध गर्ने अधिकार छ स्थगन गर्ने अधिकार छ तर ती सबै नियमावलीको आधारमा हुनुपर्छ यो नियमावली त्यो नियमावली नियमावलीको कुनै धारा हुन्छ । जसका निम्ति छलफल गर्नका निम्ति भनेर राखिएको छ त्यही त्यसैलाई अवरोध गर्ने काम गर्नुहुँदैनथ्यो मेरो अनुरोध हो । अबका दिनहरुमा हामी त्यसो गर्न चाहदैनौ । ठीक छ सदनको बैठक एउटा विषयमा डाकिएको छ तर अचानक अर्को विषय आइलाग्यो सार्वजनिक जरुरीका त्यस्ता विषयहरु आइलाग्यो र र त्यो चलिरहेको जुन विषय वस्तु छ सदनमा विषय प्रवेश पाएको छ त्यसलाई स्थगन गरेर सार्वजनिक जरुरीका कुराहरमा छलफल गर्नका निम्ति स्थगन प्रस्ताव तपाईहरुले ल्याउन सक्नुहुन्छ । सरकार मानेन भने तपाईहरु उठेर त्यसबेला यो संसद नचल्ने बनाउन सक्नुहुन्छ । तर त्यो सबै जानकारी गराएर कार्यव्यवस्थामा जानकारी गराएर त्यो हुने गर्छ संसदीय अभ्यासमा । छापामार तरिकाले हुँदैन । कसैलाई सूचना नहुने थाहा नहुने त्यो गरेर केही पनि हुदैन कही पनि हुँदैन । संसदीय अभ्यास हामी भन्न सक्दैनौँ । त्यसैले अबका दिनहरुमा हामीले सबै कुराहरु हामी गर्न सक्छौ सहमति गर्न सक्छौ , छलफल गर्न सक्छौ । पार्टीको विषयमा हामी सबै गर्न सक्छौ त्यो गर्न नसकिने होइन । त्यसले गर्दा म सबै माननीय सदस्यको ध्यान आकर्षण गर्दै म अब उहाँहरुले राख्नुभएको र एउटा हाम्रो अब प्रतिपक्षका नेता माननीय ज्यूले राख्नुभो यो प्रदेश सभा सचिवालयका लागि प्लाजा निर्माणका लागि ६ करोड विनियोजन गरिसकेपछि रु १ करोड ६२ लाख अस्थायी भवनमा खर्चको आवश्यकता देखिदैन । एउटा कुरा ६ करोड विनियोजन हामीले गऱ्यौ ,  ६ करोडले  प्लाजा बन्दैन । त्यो एउटा सुरुवात मात्र हो । त्यो रकम २ महिना भित्र खर्च हुन पनि सक्छ नहुन पनि सक्छ । खर्च भएन प्रदेशको कोषमा जम्मा भएर रहन्छ ।  त्यो कतै जादैन कसैले खान पाउदैन । ६ करोड

यहाँ विनियोजन गरिसकेपछि अब त्यो कसैले झ्वाम पार्छ सत्ता पक्षले झ्वाम पार्छ भन्ने खालको अब हामीले सोच राख्नु हुँदैन त्यो कही जादैन । र जहाँ सम्म रह्यो १ करोड ६२ लाख हामीसँग जादूको छडी त छैन भन्ने वित्तिकै राता रात यो प्लाजा त खडा त हुँदैन । यो प्लाजा बन्नका निम्ति वर्षदिन लाग्न सक्छ २ वर्ष लाग्न सक्छ ४ वर्ष लाग्न सक्छ ५ वर्ष लाग्न सक्छ त्यो त डिपिआर गरेपछि मात्रै थाहा हुन्छ । त्यसमा त सत्ता पक्ष प्रतिपक्ष तपाई हामी सबै बसेर टुंगोमा पुगेपछि कति वर्ष लाग्छ भन्ने कुरा हन्छ । त्यस बेला सम्मत त हामीले बैठक सञ्चालन गर्न पऱ्यो । अहिले यहाँ हामी बसिरहेका छौँ । यहाँका भौतिक संरचना हामीले त बनाएका छौ । अब यसमा पनि खर्च भएको छ । अहिले सम्मको हाम्रो यो बजेट भनेको यो प्रदेश सभा स्थापना भएदेखि यो आर्थिक वर्षको अन्तिम सम्म गरिएका भोलि हुने सबै खर्चको विवरण हो । आय व्ययको विवरण हो भन्ने कुरा पनि तपाईँहरु सबैले बुझ्न जरुरी छ । त्यसले गर्दा खेरि अर्को भवन घर बनाउनका निम्ति छुट्याउनका निम्ति हामीलाई अब अस्थायी चाहिदैन भनने होइन अहिले आएर प्रदेश सचिवालयमा सबै राजनितिक दलहरुले अफिस कोठा पाएका छैनन् । ती अफिस कोठा बनाउन पर्दैन । यहाँका केही संरचना बनाउनु पर्ने छ । यहाँ पिच गर्ने कुरा आइरहेको छ । त्यसको निम्ति छुट्याइएको छ । त्यो पिच गर्ने कुरा छ । विभिन्न यहाँ चाहि कार्यालयका निमित आवश्यक पर्ने भवनहरु अस्थायी रुपकै भवनहरु बनाउन पर्ने भएको त्यस कारणले यो रकम छुट्याएएको हो । त्यस्तै गरी सरकारको निम्ति निवास चाहिएको छ कार्यालय चाहिएको छ त्यसका निम्ति पनि अहिले स्थायी भवन हामीले बनाएका छैनौ ,बन्दैन । त्यसका निम्ति पनि खर्च गर्नुपरेको छ । र सबैका कारणले १ सय ६२ र त्यो ६२ तर त्यो रकम त्यो विनियोजनमा तपाईहरुले खोज्नुभयो भने पाउनुहुन्न है फेरि । यो त कसरी गरिएको छ त भन्दा सानोमा अघि भर्खरै यहाँ मलाई सम्झना भो असिना पर्दा खेरि रमाइलो लाग्थ्यो । सानोमा अनि सानोमा बाहिर जान्थे र जति हुन्छ त्यति बटुलेर आउथे । त्यस्तै झै यहाँ पनि अब १ सय ६२ नै भन्ने कुनै विनियोजनमा त छैन कहाँ कहाँ पऱ्यो होला । अस्थायी भवन मर्मत गर्ने भनेर त्यो भनियो होला । आँकडामा १६२ हुनुपर्छ । त्यो आँकडा ठिक छ वा छैन मैले अब तत्काल त्यसलाई रुजु गर्न सकेको छैन । जे भए पनि त्यो अस्थायी संरचना अहिले हामीले त्यसलाई केही केही टालटुल पारेर हामीले काम चलाउने गरेर हामीले प्रयोग गरिरहेका छौ र त्यसका निम्ति यो पैसा छुट्यिएको हो । र त्यस कारणले गर्दा खेरि अब यो आवश्यकता देखिँदैन भन्ने कुरा होइन त्यो चाहिन्छ । सबैलाई चाहिन्छ । यही प्रदेश सभा हामीलाई चाहिन्छ । यो बैठक बस्ने यो भवन हामीलाई चाहिन्छ । अहिले हामीले बनाइसकेपछि स्थायी बनाएपछि हामी सरौला आफ्नो ठाउँमा छ । र त्यसै गरेर २०७५ / ०७६ को बजेट तर्जुमा गर्न रु २५ लाख विनियोजन किन वैज्ञानिक भएन भन्ने उहाँहरुको छ । अब बजेट, बजेट

बनाउनका निम्ति त्यत्तिकै बजेट चाहि बन्दैन । बजेट बक्तव्यमा मैले भनेको थिएँ हामी अत्यन्त जिरो ग्राउन्डमा छौ । हामीसँग केही पनि छैन कुनै योजना छैन । अहिले जे जति योजना भएका छन् त्यो योजना भनेको हिजोको सरकारले गरेका योजनाहरु हुन् । कुैन पनि योजनाहरु आजका मिति सम्ममा प्रदेशलाई हस्तान्तरण भइसकेको छैन । त्यसको निम्ति छुट्टै कुराकानी गर्नुपर्ने छ । नेपाल सरकारसँग बसेर छुट्टै कुराकानी गर्नुपर्ने छ । आजका मिति सम्म कुनै पनि योजनाहरु त्यो डिपिआर गरेको होस् तपाईहरुले भन्नुहुन्छ यहाँ डिपिआर गरेको हो यसमा पैसा छुट्याउनुहोस् । त्यो हामीले डिपिआर गरेको छैन । अहिले हाम्रो अधिकार क्षेत्रभित्र परेको छैन । हामीले त्यस्तो ठाउँमा तत्कालै डिपिआर गरिसकिएको छ भनेर हामीले छुट्याउन चाहि सक्दैनौं । त्यसपछि आएर अहिले चाहि १०२ करोड जुन समानिकरण अनुदानको रुपमा हामीलाई प्राप्त भयो त्यसको मात्र हामीले बाँडफाड गरेका छौ । २०७५ / ०७६ मा त हामीले राजस्वको अनुमान गर्नेपर्ने थियो हाम्रो अधिकार सूचीभित्रको राजस्वक संकलन सम्बन्धी सूची त्यसको कुनै यति राजस्व संकलन हुन्छ यति उठ्थ्यो हिजो अब यति अनुमान गरेर यति उठ्छ कुनै एउटा खाका पनि छैन । काचो एकदमे सामान्य खालको अहिलेसम्म हामीले धेरै पटक भनेका छौ हामीले । तपाईहरुले माथिबाट छुट्याएर अब यसका चाहि निकायसँग पनि हामीले भनेका छौ । सम्बन्धित ठाउँमा हामीले भनेका छौ तर पनि त्यो हामीलाई प्राप्त भएको छैन । यदि त्यसका निम्ति हामीले काम गर्न पर्‍यो भने मलाई लाग्छ यो २५ लाखले अझै पनि पुग्दैन । त्यसपछि आएर यो योजना बनाउनका निम्ति धेरै पटक विभिन्न गोष्ठी गर्न पर्ने होला । माथि त योजना आयोग छ । ६ महिना अघि देखि योजना बन्ने गर्दछ । आवश्यक पर्ने ठाउँमा त्यहाँ चाहि विभिन्न हिजो जिल्लाबाट जिल्ला परिषदले पास गरेर जान्थ्यो । हामीसँग त्यो संरचना पनि छैन । जिल्ला जिल्ला जान पर्ने होला , कुराकानी गर्न पर्ने होला , गोष्ठी राख्न पर्ने होला । सांसदहरुको पनि गोष्ठी राख्न पर्ने होला , सांसदहरुलाई पनि भन्न पर्ने होला । त्यस्तै गरेर विज्ञहरुको टोलीलाई पनि हामीले खटाउन पर्ने होला । जिल्ला जिल्लामा खटाउन पर्ने होला । अर्थात् उनीहरुसँग सल्लाह लिन पर्ने होला र त्यसका निम्ति आवश्यक पर्छ भनेर अनुमानित त्यो २५ लाख पनि छैन २० लाख भनेर त्यहाँ २० लाख भनेर छुट्याइएको अब २५ लाख भनेर यहाँ आएको छ। रातो किताव हेर्नुहोला त्यहाँ २० लाख भनिएको छ । त्यति आवश्यक छ आवश्यक परेन भने त्यो संचित कोषमा रहन्छ । यहाँ भएको छुट्याएको हरेक जुन रकम छ त्यो संचित कोषमा रहन्छ त्यो कतै जादैन है । यो कुरा म प्रष्ट पार्न चाहन्छु । हामीले खर्च गर्न सक्यौ खर्च गर्छौ नभए त्यो संचित कोषमा रहन्छ र यी खर्च गर्ने सबै कार्यविधिमा गर्ने भनेर भनिएको छ । सही कुरा वक्तव्यमा कही कही अब त्यो छुटिएपनिकेही भएपनि धेरै ठाउँमा मैले भनेको छु

कार्यविधिका आधारमा रकम अब दिइनेछ कार्यविधिका आधारमा त्यो गरिनेछ भनेर यो बजेट बक्तव्यमा सबै ठाउँमा त्यो कुरा उल्लेख भएको छ । त्यतिकै त्यो बाँड्न खोजिएको होइन । माननीय ज्यूहरुलाई म स्मरण गराउन चाहन्छु कि हामीलाई संविधानले एक पैसा एक रुपैया उठाउन खर्च गर्नमा पनि नियम कानून बनाएर मात्र हामीले खर्च गर्न सक्छौ उठाउन सक्छौ । त्यसकारणले कानून कार्यविधि नियम बनाएर मात्र हामीले गर्ने खर्च हो । हामीसँग सार्वजनिक ऐन छ । खरिद ऐन छ । त्यसमै बसेर गर्ने हो । आर्थिक ऐन आर्थिक कार्यविधि ऐन हामीले पास गरेका छौ । त्यसैमा उभिएर गर्ने हो । हामीलाई कहीपनि एक रुपैया चलाउने छुट छैन । तल माथि गर्ने छुट छैन । ५ हजार भन्दा माथिका सामान किन्दा खेरि भ्याट विल चाहिन्छ । त्यो भन्दा तल्लो रकम खर्च गर्ने हो भने पानमा दर्ता भएको पान लिएको विल चाहि हामीलाई चाहिन्छ । कही पनि हामीले तलमाथि गर्ने त्यस्तो गुन्जास चाहि रहँदैन । त्यसले गर्दाखेरि चाहि त्यो नियम कार्यविधिमा रहेर नै गरिने कुरा हो । जहाँसम्म यहाँहरुले कार्यविधि बनाउने कुरा छ कार्यविधि बसेर बनाउन सकिन्छ । सबैको यो साझा र यो बजेट बनाउदा पनि बरु मैले हाम्रै मन्त्रीहरुसँग मैले सल्लाह गर्न पाइन । मन्त्रीमन्डलमै रहेका साथीहरुसँग मैले सल्लाह गर्न पाइन समयको अभावको कारणले मैले गर्दै गरिन । तर मैले प्राथमिकता दिए सबभन्दा पहिला माननीयज्यूहरुलाई । सबैलाई एक एक लाई मैले खबर गरेर दोहोयाएर तेहेराएर डाकिएको दिन भनिएको दिनमा नआउनेलाई पनि फेरि आउनुहोस् भनेर यो समिति गहन ढंगले मैले सबै माननीयहरुसँग मैले सल्लाह मैले लिएको छु सर सल्लाह गरेको छु । ठीक छ सबै सर सल्लाह उहाँहरुले भने अनुसार अहिलेको यो बजेटमा समेटन सक्ने अवस्था थिएन । तर उहाँहरुको सबैलाई समेट्ने सक्ने गरेर आगामी २०७५ / ०७६ को आर्थिक वर्षमा सबै कुरा समेट्ने गरी त्यो भावनालाई गरेर अहिले एकमुष्ट ढंगले त्यसको सम्भाव्यता अध्ययन गर्ने उहाँहहरुले राख्नुभछ धेरै कुराहरु । अब त्यसलाई त्यतिकै योजनामा राख्ने कुरा भएन । बजेट चाहि विनियोजन गर्ने कुरा भयो । त्यसलाई आगामी वर्षमा राख्नका निम्ति सम्भाव्यता अध्ययन गर्न पऱ्यो कुन आयोजनाका निम्ति के कति पैसा राख्ने हो । त्यसका निम्ति विभिन्न मन्त्रालयका छन् । मन्त्रालयकै प्राविधिक होलान् , सचिवहरु होलान् , कर्मचारी होलान् उनीहरुले गर्नुपर्ने कामहरु गर्लान् । कुनै ठाउँमा ३ लाख छुट्याइएको छ कुनै ठाउँमा ५ लाख छुट्याइएको छ । धेरै गर्नुपर्ने ठाउँमा जिल्ला जिल्ला जानुपर्ने ठाउँमा जिल्ला जिल्लाका स्थानीय तहहरु ८५ वटा स्थानीय तहलाई राखेर गोष्ठी गर्नुपर्ने कुराहरु छन् । गोष्ठी गर्दा खेरि मैले भने ५ हजारभित्र गोष्ठी गर्दा पानमा हुन्छ त्यो भन्दा धेरै गर्दा भ्याटको विल दिने होटेलमा सञ्चालन गर्नपर्छ । त्यो महँगो हुन्छ । गर्दाखेरि त्यो २० लाख २५ लाख भन्ने कुराहरु त जहाँ पनि जान सक्छ । धेरै पटक गर्दा खेरि एक रात सुताउन पऱ्यो हजार

रुपैया लाग्ला । अनि खान पऱ्यो भन्दा खेरि यो ठुलो कुरा नै होइन । त्यसले गर्दा खेरि यसमा कुनै हालतमा म प्रतिपक्षका नेतालाई प्रतिपक्षका माननीय सदस्यज्यूहरुलाई शंका नमान्नु भए हुन्छ । किनकि कहिलेकाही शंकाले अब यो लंका जलाउछ भन्या जस्तै कुनै शंका मान्न पर्दैन । लेखा समितिको सभापति हामीले प्रतिपक्षलाई दिएका छौ र त्यसपछि त्यसका धेरै यसलाई चेक गर्ने तपाईहरु सार्वभौम सत्ता सम्पन्न प्रदेश सभाका माननीय सदस्यहरु हुनुहुन्छ तपाईहरुलाई अधिकार छ । हरेक ठाउँमा पुग्ने सरकारले काम गरे नगरेको यो संघीय सरकार जस्तो भएन । संघीय सरकारले के गर्छ कसो गर्छ थाहा हुँदैन । हाम्रा त दिन दिनका कुन मन्त्री कहाँ गए, कुन ठाउँमा बसे, कुन जिल्लामा गए, के खाए, के गरे, कति जना लिएर गए सबै तपाईहरुले थाहा पाउन सक्नुहुन्छ । त्यसले गर्दाखेरि तपाईहरुले थाहा पाउन सक्नुहुन्छ । त्यसले गर्दा खेरि कुनै ठाउँमा तपाईहरुले कार्यक्रम गर्नुभाछ मन्त्रालयबाट कर्मचारीहरुले पनि गर्नभएको छ भने कस्तो कार्यक्रम, के गरियो कति खर्च लाग्यो जम्मै कुराहरु अनुमान गर्न सकिन्छ । त्यसले गर्दा खेरि त्यसमा कुनै अब त्यसमा शंका मानेर अब केही भइहाल्यो सबै समाप्त भइहाल्यो भन्ने ढंगले नसोचिदिनु हुन म अनुरोध गर्न चाहन्छु । त्यस्तै गरेर साहसिक खेलको अध्ययनको लागि भनेर त्यो २० लाख भनिएको छ । साहसिक खेल पनि हामीले धेरै कुरा भनेका छौ  बञ्जीजम्प, क्यानियोन, स्कीप अनि त्यस्तै गरेर स्काई ड्राइभिङ, प्याराग्लाइडिङ,लगायतका धेरै कुराहरु छन् । र हामीले के भन्या छौं भने कम्तीमा पनि यो सबै स्थानीय तहमा यो चाहि अध्ययन गर्न पऱ्यो । अहिले आएर एउटा प्रदेशमा मात्र गर्ने, एउटा जिल्लामा मात्र केन्द्रित गर्ने गर्नु हुदैन । हामीले समान ढंगले सबै गाउँको विकास गर्नुपर्छ र सबै ठाउँमा चाहि हामीले अध्ययन गर्नका लागि छुट्याउँदा खेरि यो २० लाख आवश्यक पर्छ भनेर छुट्याइएको हो । त्यसले गर्दा खेरि यो खर्च भएनछ भने पनि  कसैले खान पाउँदैन । कार्यकर्ता पोस्ने कुरा त हाम्रो छदै छैन । त्यसले गर्दा खेरि यो सबै कुरा मैले भने सबै हामी विधिबाट नै हामी जान्छौ हाम्रो जुन निति छ हामीले पास गरेको जुन निति छ त्यो निति अर्न्तगत नै रहेर हामी अगाडि बढ्छौ ।  त्यसका निम्ति यो आवश्यक रहेकाले हामीले यो विनियोजन गरेका हौं । त्यस्तै गरेर अब जुलोजिकल पार्कको लागि डिपिआर गर्न रु  ५० लाख । अब यसमा पचभैयालाई अब यो भन्नुपर्छ भन्ने  कुरो  उहाँहरुको छ किटेर भन्नुपर्छ भन्ने कुरा छ  । त्यहाँ अहिलेसम्म हामीले पचभैयालाई नै अब स्थान पचभैया नै भनिएको छ । त्यसका निम्ति केही कानूनी कामहरु गर्नुपर्छ । त्यो कानूनी रुपले आफ्नो नभए सम्म अब त्यतिकै पचभैया भन्दिने भोलि गएर कोही चाहि फेरि अप्ठेरो मान्छे निस्केर विरोध गरदियो भने । अहिले जे पनि गर्न पाइन्छ । जे गर्न पनि मिल्ने छ । त्यसले गर्दा खेरि अहिले चाहि नाम किटान नगरौ । एउटा प्रकृयाबाट नै त्यो पचभैया भनेर बनाउनुपर्छ आउनेछ । र अहिले सम्मको बाट त्यो पचभैया नै भन्ने कुरा नै हो । त्यसमा पनि कुनै शंका मान्नुपर्दैन । र

त्यसका निम्ति डिपिआर बनाउनका निम्ति ५० लाखको ५० लाख लाख बढी नै भएछ भने भोलि त्यो निर्माणमा लागू हुन्छ । त्यो पनि अब हामीले त्यतिकै उ गर्ने कुरा हुँदैन । त्यसमा पनि अब टेन्डरमा नै जाने होला । अर्थात् आह्वान गर्नु पर्ने होला । केही गर्न पर्ने होला त्यस आधारमा जतिमा बन्छ त्यति मै बन्ने कुरा नै हो ।र त्यस्तै गरेर अब निति, कानून, कार्यविधि बनाउन मात्र २ करोड अब ६२ लाख विनियोजन गरिएको छ । अब यसको पनि मैले भने अब एकै ठाउँमा यो छैन । धेरै मन्त्रालयहरुको कार्यविधि बनाउने , कानून बनाउने , निति बनाउने । तपाईहरुलाई मैले भनौ संघमा ३ सय भन्दा बढी कानूनहरु छन् । र त्यति नै प्रकृतिका काननूहरु हामीले यो प्रदेशमा पनि बनाउनु पर्छ । र सरकारी कानूनहरु यही हामी सञ्चालित हुने कानूनहरु हामीले यही बनाउन सक्छौ । कतिपय त्यस्ता कानूनहरु छन् । ती कानूनहरु कार्यविधिहरुलाई हामीले सरोकालवाला पक्षहरुसँग बसेर छलफल गरेर त्यसलाई त्यहाँबाट पनि अनुमोदन गराएर लिएर आउनुपर्छ । त्यसका लागि गोष्ठी सञ्चालन गर्नुपर्ने हुन्छ ।  कार्यशाला गोष्ठीदेखि लिएर विभिन्न मिटिङ , बैठक छलफल सरोकार पक्षहरुसँग विभिन्न सँग जस्तो अब सञ्चार सम्बन्धी निति कस्तो बनाउने ऐन कस्तो बनाउने भन्दा उहाँहरुसँग पनि छलफल गर्नुपर्ने हुन्छ । यस्ता विभिन्न प्रकृया विधि भए कारणले गर्दा खेरि अहिले सम्म त्यही प्राक्टिसबाट माथि पनि त्यही प्राक्टिसबाट ,संघमा पनि त्यही प्राक्टिसबाट बनेको हुँदा त्यही ढंगले यो खर्च चाहि अब विभिन्न ठाउँमा लाग्छ भनेर यो अनुमान गरिएको कुरा हो । त्यति नलाग्न सक्छ । लागेन भने पनि त्यो कही जादैन । त्यो जम्मै खर्च हुन्छ भन्ने होइन काम गरेर दिने हो । काम नागरिकन त्यो खर्च चाहि हुँदैन । त्यसकारणले गर्दाखेरि यो संचिति कोषमा रहन्छ । र यसका निम्ति र अहिले अब धेरै हामीले धेरै बनाउन पर्ने छ निति कानून निति कार्यविधि अब यहाँ २ करोड ६२ भनेको त्यसरी नै कुन कुन मन्त्रालयको कुन कुन कुन शीर्षकबाट उहाँहरुले ल्यााउनुभो मलाई लाग्छ त्यो छुट्टाछुट्टै त्यो बनाइएको छ । र अब त्यस्तै गरेर अब सम्भाव्यता अध्ययन भनेको त्यसको स्पष्ट कार्यविधि के हो , सम्भाव्यताको पनि स्पष्ट कार्यविधि हुन्छ र गर्ने कुरा हुन्छ त्यो त्यतिकै अब सम्भाव्यता अध्ययन भनेर बसेर त्यो पैसा खाने त्यसो गर्न चाहि पाइदैन । त्यो गर्ने पनि छैनम । मैले धेरै ठाउँमा कार्यविधिको आधारमा भनिएको छ । र बक्तव्यमा कही कही छुटेको रैछ भने पनि त्यो कार्यविधिकै आधारमा सम्भाव्यता अध्ययन गर्ने हो भन्ने यहाँहरुले बुझ्नुहोला म त्यो अनुरोध गर्न चाहन्छु । र यस आर्थिक वर्षमा खर्च हुनै नसक्ने योजनाहरुलाई कोषमा राख्ने र कागज पत्र मिलाएर यी सबै कुराहरु त्यस्तो हुँदैन । अब छोटोमा भन्दा खेरि कागज मिलाएर खाने खालको स्थिति कुनै पनि हुँदैन । तपाईँहरुलाई थाहा हुन्छ मन्त्रालयले त्यस्तो गर्न पनि सक्दैन । सबै अब माननीय सदस्यहरुलाई थाहा हुन्छ । कही आएर त्यसरी खर्च भएको भोलि देखिएला । तपाईहरुले देखिएपछि question उठाउन सक्नुहुन्छ । अब

यो योजनाको कार्यविधि  बनाउँदा प्रदेश सभामा प्रतिनिधित्व गर्ने दलहरुको सहमतिमा बनाउने निश्चित त्यो त कार्यविधि कानून सबैको निम्ति प्रतिपक्ष मात्रै होइन राजनितिक दल मात्रै होइन सरोकारवाला सबै संघ संस्था सँग पनि बसेर छलफल गरेर गर्नेभनेर भनिएको छ । त्यसमा तपाईहरुलाई हटाउने कुरा अर्थात प्रतिपक्षलाई छुटाउनी कुरा सत्ता पक्षलाई मात्रै एकलौटी गर्छ त्यसरी बनाउछ भन्ने कुरामा यहाँहरुले त्यो शंका नमाने हुन्छ । र त्यसलाई छुट्टै ढंगले त्यस्तो लागेछ भने तपाईहरुले भन्न सक्नुहुन्छ कुरा गर्न सक्नुहुन्छ र त्यसमा कुनै शंका नमान्नुहोला । त्यस्तै गरेर महिला र दलित र अल्पसंख्यकको लागि के के कार्यक्रम ल्याउन पर्छ , शशक्तिकरणका  कार्यक्रम कस्तो लागि के  के हुनुपर्छ कस्तो गर्नुपर्छ दलितका निम्ति उनीहरुको आर्थिक उन्नतिका कुरादेखि के के कार्यक्रम गर्ने  हो त्यसका निम्ति पनि तपाईहरुले ल्याउनुहोला त्यसलाई पनि निम्ति भनेर कुन कुन कार्यक्रम हुन सक्छ त्यसलाई अध्ययन सम्भाव्यता अध्ययन गर्ने त्यसलाई अब बुझ्ने भनेर त्यसलाई राखिएको हो । त्यसमा थोरै रकम मात्रै छ । त्यसका निम्ति पनि तपाईहरुले अब लिएर आउनुहोला । यो कार्यक्रमकमका निम्ति यति खर्च लाग्छ यति छुट्याइदिनु यो कार्यक्रमको निति मेरो भनौ न यो क्षेत्रको निम्ति यति यो तहमा यति भनेर तपाईहरुले ल्याउनुभयो भने त्यसलाई प्राथमिकताको आधारमा भनिएको छ हामीले एउटा आयोजना बैक बनाउने छौ र त्यसमा चाहि प्राथमिकताका आधारमार क्रमशः त्यसलाई ५ वर्षभित्र त्यो सम्पन्न गर्ने गरी त्यो काम गर्ने गरी हामीले गर्नेछौ भनेर प्रतिवद्धता अब यो बजेटमा अब हामीले अब भनेका छौ । र त्यसमा म फेरि पनि अब माननीय खास गरेर प्रतिपक्षका मानीय सदस्यज्यूहरुलाई धेरै धेरै धन्यबाद दिन चाहन्छ र उहाँहरु यसरी सबै कुरामा ध्यान दिएर सबै कुरा गरेर यो अब बजेट शायद ल्याइदैनथ्यो होला । अरु प्रदेशको कुरा गर्ने हो भने सबै प्रदेशहरु मलाई लाग्छ भन्नु हुँदैन त्यतिकै कामचलाउ ढंगले निति र कार्यक्रम पनि काम चलाउ ढंगले बजेट पनि काम चलाउ ढंगले ल्याएका छन् । तर सकेसम्म हामीले यहाँ नियम हामीले सस्पेन गर्‍यौ अब गर्दा खेरि पनि यो एउटा नियम पुर्‍याएका छौ र १५ दिन भनेका ठाउँमा हामीले गर्‍यौ अब त्यतिमात्रै हो तर हाम्रो जुन नियमावलीमा जुन कुरा छ हामीले बनाएका छौ हामीले बनाएको अब नियमावली हो ।

प्रदेश सभा सञ्चालन कार्यविधि नियमावली । अब त्यही नियमावली अनुसार हामीले सबै कुरालाई व्यवस्थित गर्ने र यो सदनको अब गौरवलाई बढाउने तपाई हामी सबैको जिम्मेवारी भएको हुदा म फेरि पनि त्यस्तो केही छ भने गल्ती छ भने सत्ता पक्ष जहिले पनि त्यसलाई सुधार गर्छ तर अनावश्यक कुरामा अनावश्यक कुरामा अब जाने कुरा हुँदैन। र अब गल्ती हुँदैन भने कुरा पनि होइन गल्ती हुन सक्छ तर सबै कुराहरुलाई ध्यानमा राखेर यो गौरवलाई यो सभाको गौरवलाई बढाउन सत्ता पक्ष र प्रतिपक्ष एक भएर अगाडि

बढ्नुपर्छ विरोधको निम्ति विरोध होइन कि यो प्रदेशलाई संवृद्ध बनाउनका निम्ति कसरी हामी जुट्ने हो कसरी अगाडि बढ्ने हो  र फेरि पनि तपाईहरुलाई सानो पनि तपाईहरुलाई कस छ भने कही सत्ता पक्षले पेलेर जान्छ कि सत्ता पक्षले यहाँ भने पनि केही गरेर जान्छ कि भनेर तपाईहरुले हिनतावोध मानसिकता त्यागिदिनुहोला त्यो गर्ने छैन जहिले पनि एउटा प्रतिपक्षलाई एउटा बलियो आधार मानेर नै अब सत्ता पक्ष अगाडि बढ्छ भन्दै म आफ्ना भनाइ समाप्त पार्दछु हस्त धन्यबाद ।

## माननीय सभामुख

अब, यो छलफल यहि समाप्त हुन्छ ।

अब म **"प्रदेश विनियोजन विधेयक, २०७५ माथि विचार गरियोस्"** भन्ने प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्दछु ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरुले **"हुन्छ"** भन्नुहोला र यसको विपक्षमा हुने माननीय सदस्यहरुले **"हुन्न"** भन्नुहोला ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरुले **"हुन्छ"** भन्नुहोस् ।

यसको विपक्षमा हुने माननीय सदस्यहरुले **"हुन्न"** भन्नुहोस् ।

**"हुन्छ"** भन्ने पक्षका माननीय सदस्यहरुको बहुमत भएकोले प्रदेश विनियोजन विधेयक, २०७५ माथी विचार गरियोस् भन्ने प्रस्ताव बहुमतले स्वीकृत भएको घोषणा गर्दछु ।

अब म विधेयकको दफा १ देखि ४ सम्म र अनुसूची १ देखि २ सम्म, **"प्रदेश विनियोजन विधेयक, २०७५"** को अंग बनोस् भनी निर्णयार्थ प्रस्तुत गर्दछु ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरुले **"हुन्छ"** भन्नुहोला र यसको विपक्षमा हुने माननीय सदस्यहरुले **"हुन्न"** भन्नुहोला ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरुले **"हुन्छ"** भन्नुहोस् ।

यसको विपक्षमा हुने माननीय सदस्यहरुले **"हुन्न"** भन्नुहोस् ।

**"हुन्छ"** भन्ने पक्षका माननीय सदस्यहरुको बहुमत भएकोले  विधेयकको दफा १ देखि ४ सम्म र अनुसूची १ देखी २ सम्म बहुमतले **"प्रदेश विनियोजन विधेयक, २०७५"** को अंग बनेको घोषणा गर्दछु ।

अब म विधेयकको प्रस्तावना र नाम पढेर सुनाउँछु ।

**प्रस्तावना :** आर्थिक बर्ष २०७४/०७५ को सेवा र कार्यहरुको लागि प्रदेश नं. ४, प्रदेश संचित कोषवाट केहि रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न बाञ्छनीय भएकोले,

प्रदेश सभाले यो ऐन बनाएको छ ।

प्रदेश संचित कोषवाट मन्त्रालय , केही निकाय र सचिवालयबाट खर्च गर्न सक्ने व्यवस्था गरेको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भः** (१)यस ऐनको नाम **"प्रदेश विनियोजन ऐन, २०७५"** रहेको छ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

अब म विधेयकको प्रस्तावना र नाम **"प्रदेश विनियोजन विधेयक, २०७५"** को अंग बनोस् भनी निर्णयार्थ प्रस्तुत गर्दछु ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरुले **"हुन्छ"** भन्नुहोला र यसको विपक्षमा हुने माननीय सदस्यहरुले **"हुन्न"** भन्नुहोला ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरुले **"हुन्छ" भ**न्नुहोस् ।

यसको विपक्षमा हुने माननीय सदस्यहरुले **"हुन्न"** भन्नुहोस् ।

**"हुन्छ"** भन्ने पक्षका माननीय सदस्यहरुको बहुमत भएकोले विधेयकको प्रस्तावना र नाम बहुमतले **"प्रदेश विनियोजन विधेयक, २०७५"** को अंग बनेको घोषणा गर्दछु ।

अब म आर्थिक मामिला तथा योजनामन्त्री श्री किरण गुरुङलाई **"प्रदेश विनियोजन विधेयक, २०७५" लाई पारित गरियोस्"** भनी प्रस्ताव प्रस्तुत गर्न अनुमति दिन्छु ।

## माननीय किरण गुरुङ

माननीय सभामुख महोदय,
नेपालको संविधानको धारा २०८ तथा प्रदेश नं ४,प्रदेश सभा नियमावली, २०७४ को नियम १३३ को उपनियम (५) बमोजिम मिति २०७५ वैशाख २० गते सभामा प्रस्तुत विनियोजन विधेयक माथि उक्त नियमावलीको नियम १३३ को उपनियम (१२) वमोजिम पारित गरियोस भनी सभा समक्ष यो प्रस्ताव प्रस्तुत गर्दछु ।

## माननीय सभामुख

अब यो प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्दछु ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरुले **"हुन्छ"** भन्नुहोला र यसको विपक्षमा हुने माननीय सदस्यहरुले **"हुन्न"** भन्नुहोला ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरुले **"हुन्छ"** भन्नुहोस् ।

यसको विपक्षमा हुने माननीय सदस्यहरुले **"हुन्न"** भन्नुहोस् ।

**"हुन्छ"** भन्ने पक्षका माननीय सदस्यहरुको बहुमत भएकोले "प्रदेश विनियोजन विधेयक, २०७५" बहुमतले पारित भएको घोषणा गर्दछु ।

अब म, प्रदेश राजधानी तथा नामाङ्कन विषयक समितिका जेष्ठ सदस्य तथा सभापति माननीय श्री बिन्दु कुमार थापा लाई "प्रदेश राजधानी तथा नामाङ्कन विषयक समितिको म्याद थप गरियोस्" भन्ने प्रस्ताब प्रस्तुत गर्न अनुमति दिन्छु ।

## माननीय बिन्दु कुमार थापा

माननीय सभामुख महोदय, यही गएको चैत्र १२ गते "प्रदेशको राजधानी तथा नामाङ्कन समिति यस सम्मानित सभाबाट यो समिति गठन भएको थियो । यस समितिमा हामी ११ जना सदस्य रहेका छौ । र यसको हामीले १ महिनाको समायावधि पाएका थियौ र त्यो १ मीनाभित्र उक्त समितिका सबै माननीय सदस्यहरुको अथक प्रयासले हामीले कार्यविधि समिति समितिको कार्यविधि तयार गऱ्यौ र ११ वटै जिल्लामा गएर त्यो जिल्लाबाट हामीले राय सुभावहरु संकलन गर्ने काम पनि संकलन गरिसक्यौ । त्यसपछि सबै राजनितिक पार्टीबाट पनि यो राजधानी र नामाङ्कनको विषयमा लिखित रुपमा राय सुभावहरु निपर्छ भन्ने हिसावले हामीले १० दिनको म्याद यो वैशाखको ११ गतेबाट यसै सम्मानित सभाबाट हामीले थप लिएका थियौ । सभामुख महोदय, त्यसपछि त्यो १० दिनको म्याद पनि अस्ति मात्रै समाप्त भइसकेको हुँदाखेरि अब फेरि केही राजनितिक पार्टीहरुबाट यो लिखित रुपमा जुन हामीले राय मागेका थियौ ।

त्यो राय आइनपुगेको हुँदा खेरि पुन : फेरि १ महिना थप यो समय लिनुपर्ने आवश्यकता रहेको हुँदा खेरि म यो समय थपको लायि यो वाचन गर्न चाहन्छु ।

माननीय सभामुख महोदय ,नेपालको संविधानको धारा २८८ को उपधारा (२ )र धारा २९५ को उपधारा (२ )तथा प्रदेश नं ४ प्रदेश सभा नियमावली २०७४ को नियम १५२ बमोजिम प्रदेशको राजधानी तथा नामाङ्कन सिफारिसको लागि मिति २०७४ चैत्र १२ गते गठित ११ सदस्यीय प्रदेश राजधानी तथा नामाङ्कन समितिको म्याद समाप्त भएको र केही

राजनितिक दलहरुबाट लिखित सुझाव प्राप्त हुन बाँकी रहेको हुँदाखेरि मिति २०७५ वैशाख २१ गतेदेखि १ महिना म्याद थप गर्न आवश्यक भएकाले म्याद थपका लागि यस सम्मानित सभामा प्रस्ताव प्रस्तुत गर्दछु ।

मिति २०७५ वैशाख २३ गते

विन्दु कुमार थापा प्रस्तावक

सभापति जेष्ठ सदस्य

प्रदेश राजधानी तथा नामाङ्कन विषयक समिति धन्यबाद

## माननीय सभामुख

अब माननीय श्री धनञ्जय दवाडीलाई उक्त प्रस्तावको समर्थन गर्न अनुमति दिन्छु ।

## माननीय धनञ्जय दवाडी

सभामुख महोदय , भन्न त शेक्सपियरले नाममा के छ र भनेका थिए । गुलाफलाई जे नाम दिए पनि वास्तवमा खासै केही फरक पर्दैन भनेका थिए । तर हाम्रो लागि खास र विशेष रह्यो । यस हिसावले नेपालको संविधानको धारा २८८ को उपधारा (२ )र धारा २९५ को उपधारा (२ ) तथा प्रदेश नं ४ प्रदेश सभा नियमावली २०७४ को नियम १५२ बमोजिम प्रदेशको राजधानी तथा नामाङ्कन सिफारिसको लागि मिति २०७४ चैत्र १२ गते गठित ११ सदस्यीय “प्रदेश राजधानी तथा नामाङ्कन विषयक समितिको म्याद समाप्त भएको र केही राजनितिक दलहरुबाट लिखित सुझाव प्राप्त हुन बाँकी भएको हुँदा २०७५ वैशाख २१ गतेदेखि १ महिना म्याद थप गर्न माननीय विन्दुकुमार थापाल प्रस्तुत गर्नुभएको प्रस्ताव उपर समर्थन गर्दछु । धन्यबाद ।

## माननीय सभामुख

अव म उक्त प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्दछु ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरुले **“हुन्छ”** भन्नुहोला र यसको विपक्षमा हुने माननीय सदस्यहरुले **“हुन्न”** भन्नुहोला ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरुले **“हुन्छ”** भन्नुहोस् ।

यसको विपक्षमा हुने माननीय सदस्यहरुले **“हुन्न”** भन्नुहोस् ।

**“हुन्न”** भन्ने आवाज सुनिएन, तसर्थ माननीय सदस्य श्री विन्दु कुमार थापाले प्रस्तुत गर्नुभएको **“प्रदेश राजधानी तथा नामाङ्कन विषयक समितिको म्याद थप गरियोस्”** भन्ने प्रस्तावलाई सर्वसम्मतिले स्वीकृत भएको घोषणा गर्दछु ।

माननीय सदस्यहरु , अव म मिति २०७५ वैशाख ११ गते बसेको सभाको पच्चिसौं

बैठकबाट दफावार छलफलका लागि विधायन समितिमा पठाईएको "स्थानिय तहको सभा सञ्चालन सम्बन्धी (कार्यविधि) विधेयक," को प्रतिवेदन सभा समक्ष प्रस्तुत गर्न सो समितिका सभापति माननीय श्री मोहन प्रसाद रेग्मीलाई समय दिन्छु ।

## माननीय मोहन प्रसाद रेग्मी

माननीय सभामुख ज्यू,

मिति २०७५ बैशाख ११ गते बसेको यस सभाको पच्चिसौं बैठकको निर्णय अनुसार दफावार छलफलका लागि विधायन समितिमा पठाइएको प्रस्तुत "**स्थानिय तहको सभा सञ्चालन सम्बन्धी (कार्यविधि) विधेयक"** सम्बन्धमा छलफल गर्न मिति २०७५ साल बैशाख १२ , १३ र १४ गते समितिको बैठक बस्यो ।

समितिको वैठक माननीय आन्तरिक मामिला तथा कानून मन्त्री श्री हरिबहादुर चुमानको विशेष उपस्थितिमा समितिका जेष्ठ सदस्य मा. श्री कृष्ण चन्द्र नेपाली पोखेलको अध्यक्षतामा बसेको थियो । वैठकमा समितिका मानीय सदस्यहरु श्री आशा कोइराला, श्री चन्द्र बहादुर बुढा, श्री धनञ्जय दवाडी, श्री धनमाया पोखरेल (लामा), श्री मनबहादुर गुरुङ्ग, श्री मोहन प्रसाद रेग्मी, श्री ललिता गुरुङ्ग, तथा श्री सावित्रा राना तथा मुख्य न्यायाधिवक्ता श्री राजेन्द्र घिमिरे, सचिवालयका सचिव श्री शम्भु बहादुर खड्का, आन्तरिक मामिला तथा कानून मन्त्रालयका सचिव श्री फणिन्द्रमणि पोखरेलको उपस्थिति रहेको थियो ।

यस प्रकार समितिको बिभिन्न मितिमा बैठक बसी व्यापक छलफल गरी, सबैको राय र परामर्शलाई समेत समावेश गरी उक्त विधेयकमा देहायको संशोधन गर्ने समितिको सर्वसम्मतिबाट निर्णय भए बमोजिमको सुझाव सहित प्रदेश नं. ४, प्रदेश सभा नियमावलीको नियम ११९ बमोजिम यो प्रतिवेदन पेश गर्दछु ।

क. दफा १ को उपदफा १ मा रहेको वाक्यांश "स्थानिय तह" पछाडी **"को सभा"** भन्ने बाक्यांश थप गर्ने ।

ख. दफा २ को खण्ड (ख) मा रहेको अकं "४" लाई कोष्ठ **"()"** भित्र राख्ने ।

ग. दफा २ को खण्ड (ग)को उपखण्ड (२) मा रहेको "अध्यक्ष" शब्दको सट्टा **"प्रमुख"** शब्द राख्ने ।

घ. दफा २ को खण्ड (ग) को उपखण्ड (३) मा रहेको "जिल्ला सभाको प्रमुख र उपप्रमुख तथा"भन्ने बाक्यांश हटाई सोको ठाउँमा **"जिल्ला सभा वा"** भन्ने शब्द राख्ने ।

ङ. दफा २ को खण्ड (घ) मा रहेको "कार्यकारी अधिकृत र जिल्ला समन्वय समितिको जिल्ला समन्वय अधिकारी वा अध्यक्षले सभाको सचिव भई काम गर्न तोकेको कर्मचारी" भन्ने बाक्यांशको सट्टामा **"प्रशासकिय अधिकृत र जिल्ला समन्वय समितिको जिल्ला समन्वय अधिकारी"** भन्ने बाक्यांश राख्ने ।

च. दफा २ को खण्ड (ङ) मा रहेको **समितिको बैठक** भन्ने बाक्यांश पछाडी "**र समिक्षा बैठक"** भन्ने बाक्यांश थप गर्ने ।

छ. दफा २ को खण्ड (ङ) पछाडि खण्ड **(च) "अध्यक्ष" भन्नाले गाँउपालिकाको अध्यक्ष, नगरपालिकाको प्रमुख र जिल्ला समन्वय समितिको प्रमुख समेतलाई सम्भनु पर्छ ।**, थप गर्ने र क्रम मिलाउने ।

ज. दफा २ को खण्ड (च) को सट्टा देहायको खण्ड **(छ) "उपाध्यक्ष" भन्नाले गाँउ पालिकाको उपाध्यक्ष , नगरपालिकाको उपप्रमुख र जिल्ला समन्वय समितिको उपप्रमुख समेतलाई जनाउछ"** राख्ने ।

झ. दफा २ मा खण्ड **(ड) "मन्त्रालय" भन्नाले प्रदेश मन्त्रालय सम्भनु पर्छ ।,** थप गर्ने ।

ञ. दफा ३ को उपदफा (६) मा रहेको बाक्यांश **(१) वा (३)** को सट्टा**मा "(१) र (३)"** राख्ने ।

ट. दफा ११ को खण्ड (ङ) मा रहेको **"अध्यक्षले आसन गरेको तथा"** भन्ने वाक्यांशको सट्टामा **"अध्यक्षको आसन र"** भन्ने बाक्यांश थप्ने ।

ठ. दफा २५ मा रहेको **"प्रस्ताव मसौदा"** लाई **"प्रस्तावमा मस्यौदा"** बनाउने ।

ड. दफा ३५ को उपदफा १ को अन्त्यमा **"(ग) सुशासन समिति"** थप गर्ने ।

ढ. दफा ३७ को उपदफा (१) खण्ड (क) मा रहेको **"मा पहिचान गर्ने तथा व्यवस्थापन गर्न आवश्यक"** भन्ने बाक्यांश हटाउने ।

ण. दफा ३७ को उपदफा (१) को खण्ड (ख) मा रहेका **"वा मार्गदर्शन"** बाक्यांश हटाउने ।

त. दफा ३७ को उपदफा (१) को खण्ड (ग) मा रहेको "संघ सँग" भन्ने बाक्यांशको सट्टामा "संघिय सरकार सँग" भन्ने बाक्यांश राख्ने ।

थ. दफा ३७ को उपदफा (१) को खण्ड (ज) मा रहेको **कायम गर्नको लागि** भन्ने वाक्यांश पछाडी रहेको बाक्यांशलाई हटाई सोको सट्टामा **"विषयगत मन्त्रालय मार्फत संघिय मन्त्रालय, स्थानिय तह सम्बन्धी विषय हेर्ने मन्त्रालय तथा आवश्यकता अनुसार सम्बन्धित गाँउपालिका तथा नगरपालिकालाई समेत सुझाब दिने"** भन्ने बाक्यांश राख्ने ।

द. दफा ३७ को उपदफा (१) को खण्ड (झ) मा रहेको **"सम्बन्धमा"** भन्ने बाक्यांश पछाडि **"सम्बन्धीत मन्त्रालय मार्फत संघिय"** भन्ने बाक्यांश थप गर्ने तथा **प्रदेश सरकारको** भन्ने बाक्यांश हटाउने ।

ध. दफा ४० को उपदफा ३ मा रहेको **"नेपाल सरकारले"** भन्ने बाक्यांश हटाई **"प्रदेश सरकारले"** भन्ने बाक्यांस राख्ने । तथा "निजामती" शब्द को अगाडी **"प्रदेश"** शब्द थप गर्ने, र अन्त्यमा **"तर पछि प्रदेश सरकारले त्यस्तो कर्मचारी नखटाए सम्म नेपाल सरकारले खटाएको निजामती सेवाको कर्मचारीलाई कामकाज गर्न बाधा पर्ने छैन"** भन्ने बाक्यांश थप गर्ने ।

न. दफा ४४ को उपदफा (१) को खण्ड (ग), उपदफा (२) खण्ड (ग) र उपदफा ३ को खण्ड (ग) मा रहेको **"समाप्त"** भन्ने शब्द हटाउने ।

प. दफा ४४ को उपदफा (२) मा रहेको एउटा **"उपप्रमुख"** भन्ने शब्द हटाउने र खण्ड (घ) मा रहेको सम्बन्धीत पछिको "गाँउ" भन्ने शव्द हटाउने ।

फ. दफा ४५ को उपदफा (३) मा रहेको **"नेपाल सरकारको"** भन्ने बाक्यांशको सट्टामा **"प्रदेश सरकारको"** भन्ने बाक्यांश राख्ने ।

ब. दफा ४६ को उपदफा (२) मा रहेको **"नेपाल सरकारको"** भन्ने बाक्यांशको सट्टामा **"प्रदेश सरकारको"** भन्ने बाक्यांश राख्ने ।

भ. दफा ४६ को उपदफा (३) मा रहेको **"नेपाल सरकारको"** भन्ने बाक्यांशको सट्टामा **"प्रदेश सरकारको"** भन्ने बाक्यांश राख्ने ।

म. दफा ४७ को उपदफा (२) लाई (३) बनाउने तथा उपदफा **(२) "गाँउ पालिका तथा नगरपालिकाले बार्षिक समिक्षा बैठक आयोजना गरी सम्बन्धित क्षेत्रबाट प्रदेश सभामा प्रतिनिधित्व गर्ने संसद सदस्यलाई आमन्त्रण गर्न सक्नेछ । "** भन्ने थप गर्ने ।

य. दफा ५० को उपदफा (१) मा रहेको **“वटा”** भन्ने शब्द त्यसलाई हटाउने ।

**मोहन प्रसाद रेग्मी**
**(सभापति)**
**विधायन समिति**

**माननीय सभामुख**

**माननीय सदस्यहरु अब यो बैठक २०७५ साल बैशाख २४ गते दिनको ४:०० बजे सम्मको लागि स्थगित हुन्छ ।**